## राष्ट्रिय स्वास्थ्य बिमाको बारेमा लागि मार्गदर्शन।

※ 39 वर्षसम्मको व्यक्ति

**1. राष्ट्रिय स्वास्थ्य बिमा सिस्टम भनेको के हो ? <बासिन्दा सबैको बिमा>**

बिरामीअथवा, चोटपटक लागेर हस्पिटल जाने बेलामा, पैसा (उपचार शुल्क) लाग्छ।

राष्ट्रिय स्वास्थ्य बिमा भनेको बिमामा छिरेका सदस्यहरुले पहिलादेखीको आम्दानी अनुसार बिमाशुल्क तिरिराखे भएकोले, उपचार शुल्कको केही भागमात्र शुल्क तिरेर स्वास्थ्य परिक्षण गर्न सकिने, सबै पक्षबाट एकआपसमा सहयोग हुने सिस्टम हो। हरेक महिना बिमाशुल्क तिर्ने कुरा कर्तव्य भएर, त्यसको बदलामा राष्ट्रिय स्वास्थ्य बिमा प्रयोग गरेर उपचार गराउन सकिने अधिकार पाइन्छ। 3 महिनाभन्दा बढी बस्ने, जापानमा रेसिडेन्सदर्ता गराइएकाव्यक्ति अरु सार्वजनिक स्वास्थ्य बिमामा नछिरेमा राष्ट्रिय स्वास्थ्य बिमामा नछिरीहुन्न। ("उपचार गराउने व्यक्तिको हरेकदिनको दैनिकीमा हेरबिचार गर्ने, गराउने" "भ्रमण • बेड रेस्ट र अरु यस्तै खालको मिल्ने क्रियाकलाप" को निर्देशित क्रियाकलाप बाहेक।)

**"बिरामी हुन्छ कि, थाहा छैन" "बिमाशुल्कतिर्न मन लाग्दैन" आदि कारणले राष्ट्रिय स्वास्थ्य बिमामा नछिर्ने गर्नु हुँदैन। साथै, अरुको बिमाको कार्ड प्रयोग कुनै हालतमा गर्नु हुँदैन !**

**2. राष्ट्रिय स्वास्थ्य बिमामा छिर्ने प्रक्रियाको बारेमा** **14 दिन भित्रमा प्रक्रिया गर्नुहोला।**

① जापानमा छिर्ने बेला

सामान्य काउन्टरमा दर्ता गराई सकेपछि, रेसिडेन्स कार्ड र पासपोर्ट बोकेर राष्ट्रिय स्वास्थ्य बिमाविभागमा गएर प्रक्रियागर्नु होला।

② बसाई सरेर टोसिमा वार्डमा दर्ता गर्ने आउने बेलामा

सामान्य काउन्टर अथवा वडा कार्यालयमा बसाई सराईको दर्ता गर्ने बेलामा नयाँबिमाको कार्ड लिनु होला। (रेसिडेन्स कार्डनभएको आदि भएमा, पछि अरु दिन पोस्टबाट पठाउन पनि सकिन्छ।)

③ पहिला बसेको नगर अथवा वडाबाट राष्ट्रिय स्वास्थ्य बिमामा नछिरेको भएमा

बसाई सराईको दर्ता गरेपछि, रेसिडेन्स कार्ड र पासपोर्ट बोकेर आई राष्ट्रिय स्वास्थ्य बिमाविभागमा प्रक्रिया गर्नु होला। साथै, वडा कार्यालयमा, बसाई सराई र राष्ट्रिय स्वास्थ्य बिमामा एकै चोटी छिर्न सकिन्छ।

**3. राष्ट्रिय स्वास्थ्य बिमा छोड्ने प्रक्रियाको बारेमा** **14 दिन भित्रमा प्रक्रिया गर्नुहोलस।**

① टोसिमा वडाबाट सर्ने (देशबाट निस्कने) बेलामा

पासपोर्ट अथवा रेसिडेन्स कार्ड, राष्ट्रिय स्वास्थ्य बिमा कार्ड बोकेर, सामान्य काउन्टर अथवा वडा कार्यालयमा प्रक्रियागर्नु होला।

② अरु सार्वजनिक बिमामा छिरेको भए

पासपोर्ट अथवा निवासीको कार्ड, राष्ट्रिय स्वास्थ्य बिमा कार्ड, अरु स्वास्थ्य बिमाको कार्ड बोकेर, राष्ट्रिय स्वास्थ्य बिमाविभागमा अथवा वडा कार्यालयमा प्रक्रियागर्नु होला।

**※ लामो समय देशबाट निस्कने बेलामा विदेशमा बसाई सराईको दर्ता गर्नुहोला। दर्ता नगराएमा बिमाशुल्क लागिरहन्छ।**

**※ टोसिमा वडा बाहिर सर्नु भयो, अथवा अरु सार्वजनिक बिमामा छिर्नु भयो भने तुरुन्त छोड्ने प्रक्रियागर्नु होला। साथै, टोसिमा वडाको राष्ट्रिय बिमा कार्ड प्रयोग गर्न मनाही छ !! यदि प्रयोगगर्नुभयो भने, उपचार शुल्क नर्फकाइहुन्न।**

**4. बिमाकार्डको म्याद**

बिमा कार्डको म्यादभनेको सामान्यतयाबसाइको म्यादजति नै हुन्छ। बसाइको म्यादथपेपछि, बिमा कार्ड र रेसिडेन्स कार्ड बोकेर राष्ट्रिय स्वास्थ्य बिमाविभागमा म्यादथप्ने प्रक्रिया गर्नुहोला। म्याद सिदिएको बिमा कार्ड प्रयोग गर्न सकिन्न।

**5. बिमाशुल्कको विषयमा** **विद्यार्थी सहुलियत छैन।**

राष्ट्रिय स्वास्थ्य बिमाको बिमाशुल्क, "अनुपात लेवी रकम" र "अनुपातआय रकम" माविभाजन गरेर हिसाब गर्ने गरिन्छ। "अनुपात लेवी रकम" भनेको, आयसँग मतलव नभएर सदस्यहरुको अनुपातमा लाग्ने बिमाशुल्क हो।

"अनुपातआय रकम" भनेको, अघिल्लो वर्ष भरिको आय (जनवरीबाट डिसेम्बरसम्मको आय) बाट हिसाब निकालिने बिमाशुल्क हो।

◎ पहिलाको वर्ष भरिको आय नभएको, व्यहोरा जनाएको बेलामा (39 वर्षसम्म भएमा)

जापानमा अघिल्लोवर्षको कमाई नभएको व्यक्ति, "अनुपात लेवी रकम" लाग्छ तर "अनुपातआय रकम" चाहिँलाग्दैन। साथै, "अनुपातलेवी रकम" को घट्दो सिस्टम हुने भएकोले, आर्थिक वर्ष 2022 साल देखिको वार्षिक बिमाशुल्क निम्नानुसार हुन्छ।

(जस्तै) अघिल्लो वर्षको आय 0 ऐन भएमा,
अनुपातलेवी रकम 16.590 ऐन (55.300 ऐन×0.3 (लेवी रकमको 70 प्रतिशत घट्दो रकम)) + अनुपातआय रकम 0 ऐन=
16.590 ऐन

**अनुपातलेवी रकम शुल्क हरेक वर्ष फरक हुन्छ।**

◎ अघिल्लो वर्ष भरिको आयभएको व्यक्ति (39 वर्षसम्म भएमा)
"अनुपातआय रकम" र "अनुपात लेवी रकम" को बीमाशुल्क लाग्ने भएकोले, आर्थिक वर्ष 2022 देखिको वार्षिक बिमाशुल्क निम्नानुसार हुन्छ।
**पार्ट टाइम काम गरेमा आयअनुसार बीमाशुल्क बढ्छ।** (आय बेसिक रकमभन्दा कम भएमाअनुपात लेवीको घट्दो रकम हुन्छ।)

(जस्तै) अघिल्लो वर्षको कमाई 1,600,000 ऐन भएमा →आयको हिसाबगर्ने बेलामा अघिल्लो वर्ष 1,050,000 ऐन अनुपातलेवी रकम 55.300 ऐन+अनुपातआय रकम 58.528 ऐन (1,050,000ऐन − 430,000 ऐन) × 9,44% = 113.828 ऐन

**अनुपातलेवी रकमर अनुपातआयको रकम शुल्क हरेक वर्ष फरक हुन्छ।**

**आयनभएको (बेसिक रकमभन्दा कम) भएपनि, हरेक वर्ष निवासी करको घोषणा नगरी अनुपातलेवीरकमको घट्दो रकमप्रक्रियाहुन्न।**
हरेक वर्ष जनवरी 1 तारिकमा ठेगानाभएको ठाउँको सरकारी कार्यालयको कर कार्यालयको जिम्मेवार विभागमा घोषणा गर्नुहोस्।
साथै, बसाई सराई गरेर जनवरी 2 तारिक भित्रमा टोसिमा वडामा आएको व्यक्तिको बिमा रकम, अघिल्लो वर्षको आय थाहानभएकोले, सुरुमाअनुपात लेवी रकममात्र हिसाब गरिन्छ। त्यसपछि, घोषणा गरेर नगर, वडा कार्यालयमा आय हेरेर, अनुपातआय रकमको हिसाबगरिन्छ। **त्यसको लागि, वर्षको बिचमा बीमाशुल्क परिवर्तन हुन सक्छ।** (आय नभएमा, साथै बेसिक कमाइ भन्दा कम भएमाअनुपात लेवीको घट्दो रकम हुन आउँछ।)
बसाई सराइको दर्ता गरेपछि अरु नगर, वडामा निवासी करको घोषणा गरेको व्यक्तिलाई, टोसिमा वडाको राष्ट्रिय स्वास्थ्य बिमाविभागमा खबर गर्नु होला।

**6. बिमाशुल्क नतिरेमा**

① यदि तपाईंले मिति अनुसार तिर्नु भएन भने , हामी तपाईंलाई एक पत्र र सूचना पत्र पठाउनेछौं।
② भित्री पत्र पठाउनु भए तापनि आवधिक भुक्तानीनभएमा, हामी बैंक र कार्यस्थानमा सम्पत्तिको सर्वेक्षण ,जम्मा बचत, वेतन आदिको बहालीको कार्यान्वयन गर्छौं।
③ विलम्ब गुप्तिकरणको लागि आवश्यक जाँचहरूको बारेमा प्रश्नहरूको जवाफ दिइनेछैन,झुटो कुरा बधाईएमा एक वर्ष वा कमको दण्ड र 500,000 वा कम को जरिवाना लग्नेछ ।
④ यदि तपाई बीमा प्रीमियम तिर्न सक्नुहुन्न भने, यो सर्वेक्षण आप्रवासन ब्यूरोमा सर्वेक्षण गरिनेछ।
⑤ यदि गैर-भुक्तानी जम्मा जारी गरिएमा बीमा कार्डको समाप्ति मिति छोटो हुनेछ।
⑥ जब ढिलाइ अझ बढी जम्मा हुन्छ,बीमा कार्ड जारी गर्न सम्भव हुदैन, मेडिकल खर्चहरू पनि तपाईले पूरै व्यहोर्नुपर्ने हुन्छ「बीमा गरिएको व्यक्ति योग्यता प्रमाण पत्र」जारी गर्नेछौं।अनपेक्षित बीमा प्रीमियम को लागि पूछताछः तोशिमाकु वर्ल्ड नेशनल हेल्थ इंश्योरेंस डिभिजन संगठन स्टोरेज ・विशेष संगठन समूह (सेइरिस्यूउनोउ・विशेष समूह) टेलिफोन: 03-3981-1294, 03-3981-1295

**सम्पर्क: (टोसिमा वडा स्वास्थ्य बिमाविभाग लाइसेन्स • राष्ट्रिय बिमाशुल्क ग्रुप) फोन: 03-4566-2377**